निर्वाचन अधिकृत श्री महेश शर्मा पौडेलले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १९ बमोजिम उपराष्ट्रपति पदका उम्मेदवार श्री रामसहाय प्रसाद यादव विरुद्ध परेको उम्मेदवारको दावी बिरोधको उजुरीका सम्बन्धमा गरेको निर्णय ।

तथ्य

१. प्रस्तुत विषयमा आयोगको मिति २०७९/११/२६ मा बसेको बैठकबाट देहाय बमोजिम निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ भनी "नेपालको संविधानको धारा ७० मा "यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको साथै, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १६ को उपदफा (५) मा "यस दफा बमोजिम उपराष्ट्रपति पदको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सो भन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेकोले संवत् २०७९ साल फागुन २५ गते सम्पन्न भएको राष्ट्रपतिको निर्वाचनमा खस आर्य समावेशी समुहका पुरुष व्यक्ति श्री रामन्द्र पौडेल निर्वाचित हुनु भएको हुँदा उपराष्ट्रपति पदको निर्वाचनको लागि मनोनयनपत्र दर्ता गर्दा राष्ट्रपतिको पदमा निर्वाचित व्यक्तिको लिङ्ग (पुरुष) वा समुदाय (खस आर्य) भन्दा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समुदाय (दलित, आदिवासी जनजाति, मधेशी, थारु वा मुस्लिम) को व्यक्तिको मनोनयनपत्र मात्र दर्ता गर्न सोही ऐनको दफा ६५ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृतलाई निर्देशन दिने ।" निर्वाचन आयोगबाट लेखी आएको।

२. नेपालको संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १६ को उपदफा (५) मा उपराष्ट्रपति पदको लागि मनोनयन दर्ता गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ।

निर्वाचन कार्यक्रम अनुसार भोली मिति २०७९/११/२७ गते विहान ९:०० बजे देखि उपराष्ट्रपति पदको उम्मेदवारको मनोनयन दर्ताका सन्दर्भमा तहाँ आयोगबाट "उपराष्ट्रपति पदको निर्वाचनको लागि मनोनयनपत्र दर्ता गर्दा राष्ट्रपतिको पदमा निर्वाचित व्यक्तिको लिङ्ग (पुरुष) वा समुदाय (खस आर्य) भन्दा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समुदाय (दलित, आदिवासी जनजाती, मधेशी, थारु वा मुस्लिम) को व्यक्तिको मनोनयनपत्र दर्ता गर्न सोही ऐनको दफा ६५ को उपदफा (२) बमोजिम निर्वाचन अधिकृतलाई निर्देशन दिने" भन्ने बेहोराको च.नं. २०७९/०८० का. रा. द.

५२७, मिति २०७९।११।२६ को पत्र लेखी आएको हुँदा अब उपराष्ट्रपति पदका लागि मनोनयनपत्र दर्ता गर्दा राष्ट्रपति निर्वाचित भएको खस आर्य समुदाय र पुरुष दुवै बाहेकको लिङ्ग र समुदायको उम्मेदवार हुनुपर्ने हो वा लिङ्ग र समुदाय मध्ये कुनै एक मात्र फरक भए हुने हो तथा पुरुष बाहेकका लिङ्ग नै हुन अनिवार्य हो, होइन ? भन्ने सम्बन्धमा निर्देशन पत्रमा स्पष्ट लेखी आएको नदेखिँदा भोली बिहान ९:०० बजे देखि नै उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यक्रम रहेकोले आजै स्पष्ट गरी निर्णय निकासा पठाइदिनु हुन अनुरोध छ भनी यस कार्यालयबाट निर्वाचन आयोगमा मिति २०७९।११।२६ मा लेखिएको ।

३. प्रस्तुत विषयमा तहाँको च.नं. ३२ मिति २०७९।११।२६ को पत्र प्राप्त भएको विषयमा आयोगको मिति २०७९।११।२६ मा बसेको बैठकबाट देहाय बमोजिम निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

"सम्वत् २०७९ साल फागुन २५ गते सम्पन्न भएको राष्ट्रपतिको निर्वाचनमा खस आर्य समावेशी समुहका पुरुष व्यक्ति श्री रामचन्द्र पौडेल निर्वाचित हुनु भएको हुँदा उपराष्ट्रपति पदको निर्वाचनको लागि मनोनयन पत्र दर्ता गर्दा राष्ट्रपतिको पदमा निर्वाचित व्यक्तिको लिङ्ग (पुरुष) वा समुदाय (खस आर्य) भन्दा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समुदाय (दलित, आदिवासी जनजाती, मधेसी, थारु वा मुस्लिम) को व्यक्तिको मनोनयनपत्र मात्र दर्ता गर्न सोही ऐनको दफा ६५ को उपदफा (२) बमोजिम निर्देशन दिइसकेको छ। उक्त निर्देशनका आधारमा स्वीकृत निर्वाचन कार्यक्रम अनुसार मिति २०७९।११।२७ गते उपराष्ट्रपति पदको मनोनयन पत्र दर्ता गर्दा लिङ्गको हकमा महिला वा अन्य लिङ्गबाट वा समुदायको हकमा दलित, आदिवासी जनजाती, मधेसी, थारु वा मुस्लिम समुदायबाट नेपालको संविधान तथा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुको मनोनयन पत्र दर्ता गर्ने निर्वाचन अधिकृतलाई निर्देशन दिने भनी निर्वाचन आयोगबाट मिति २०७९।११।२६ मा लेखी आएको ।

४. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन कार्यक्रम अनुसार उपराष्ट्रपतिको पदको निर्वाचनका लागि मिति २०७९।११।२७ मा उम्मेदवार रामसहाय प्रसाद यादवको मनोनयन पत्र दर्ता नं.२ मा दर्ता भएको ।

५. नेपालको संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था गरेको छ । मिति २०७९/११/२५ गते सम्पन्न भएको राष्ट्रपतिको निर्वाचनमा श्री रामचन्द्र पौडेल खस आर्य समुदायको पुरुष राष्ट्रपति पदमा निर्वाचित भईसक्नु भएको छ। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १६(५) ले यस दफा बमोजिम उपराष्ट्रपतिको लागि उम्मेदवार

मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ । सोही उपदफाको स्पष्टिकरणमा समुदायको परिभाषा गरी समुदाय भन्नाले दलित, आदिवासी जनजाती, खस आर्य, मधेसी, थारु वा मुस्लिम समुदाय सम्झनुपर्छ भन्ने उल्लेख गरेको छ । नेपालको संविधानको प्रस्तावनाले समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरेको छ । संविधानको धारा ४(१) ले समावेशीकरणलाई आत्मसात् गरेको र धारा ३८(४) ले महिलालाई सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक स्पष्ट व्यवस्था गरेको अवस्थामा राष्ट्रपति र उपराष्ट्रपति पद दुवैमा पुरुष निर्वाचित हुने परिकल्पना संविधानले गरेको होइन । मुलुकलाई समावेशीकरण गर्ने क्रममा संविधान निर्माणको समयमा केही पदमा आधा जनसंख्याको प्रतिनिधित्व गर्ने महिलालाई संविधानको धारा ४२ को मौलिक हकको कार्यान्वयन गर्नको लागि नै संविधानको धारा ९१ ले प्रतिनिधिसभा तथा धारा १८२ बमोजिम प्रदेशसभाको निर्वाचनमा सभामुख वा उपसभामुख मध्ये एक जना महिला हुने स्पष्ट व्यवस्था भएको छ । धारा ९२ ले राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुने व्यवस्था भएको छ भने स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १७(४) ले दलले उम्मेदवारी दिंदा गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाको प्रमुख/उपप्रमुख मध्ये एकजना महिला उम्मेदवार हुनुपर्ने व्यवस्था भएको सन्दर्भमा राष्ट्रपतिको निर्वाचनमा पुरुष निर्वाचित भइसक्नु भएको हुँदा नेपालको संविधानको धारा ७० बमोजिम फरक समुदायको महिलालाई उपराष्ट्रपति पदमा उम्मेदवार मनोनयन हुने व्यवस्था मिलाउन संविधान, कानून र समावेशीकरणको सिद्धान्त अनुरुप अनिवार्य हुन्छ। उल्लेखित संवैधानिक व्यवस्था बमोजिम २०७२ सालको कार्तिकमा भएको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन र २०७५ सालमा भएको निर्वाचनमा समेत राष्ट्रपति निर्वाचित भइसकेपछि मात्र सो समुदाय वा लिङ्ग भन्दा पृथक समुदाय र लिङ्गबाट मात्र उम्मेदवार मनोनयन भई निर्वाचित भइसक्नु भई स्पष्ट संवैधानिक अभ्यास कायम भएको छ । सोही कारणले नै निर्वाचन आयोगको मिति २०७९/११/२६ मा खस आर्य समुदाय वा पुरुष बाहेकको व्यक्तिमात्र उम्मेदवार हुन सक्ने गरी संविधानको धारा ३८(४) समेत उल्लेख गरी निर्णय गरेको व्यहोरा सार्वजनिक भएको छ । तर नयाँ संविधानको व्यवस्था तथा आयोगको निर्णय विपरित तथा विगतको दुवै निर्वाचनमा स्थापित अभ्यास र संविधानको व्यवस्थालाई बेवास्ता गरी श्री रामसहाय प्रसाद यादवको उम्मेदवारी परेकोले पुरुष बाहेक महिलाहरु अयोग्य र असक्षम हुन्छन् भन्ने मान्यतालाई बलपूर्वक स्थापित गर्ने हुँदा उल्लेखित संवैधानिक, कानूनी व्यवस्था तथा

निर्वाचन आयोगको मिति २०७९/११/२६ को निर्णय र सो आधारमा जारी निर्देशन समेतको विरुद्धमा हुँदा वहाँको उम्मेदवारी खारेज गरी पाउँ भन्ने उम्मेदवार अस्टलक्ष्मी शाक्य (बोहरा) को तर्फबाट परेको दाबी बिरोधको उजूरी ।

६. नेपालको संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशीको सिद्धान्तलाई अंगिकार गरेको छ। धारा ४२(१) ले "आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमांन्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ।" त्यसैगरी धारा ३८(४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने व्यवस्था गरेको छ। यसरी राज्यको हरेक निकायमा महिलाको समानुपातिक प्रतिनिधित्वको सुनिश्चतता गरेको छ। संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन,२०७४ को दफा १६(५) ले यस दफाबमोजिम उपराष्ट्रपति पदको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सो भन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। यसरी नेपालको संविधान र प्रचलित कानूनले राज्यको प्रमुख पदहरुमा समेत महिलाको प्रतिनिधित्वलाई गम्भीरताका साथ विभिन्न प्रावधानहरु राखेको छ। राष्ट्रपति तथा उपराष्ट्रपति मध्ये एक जना महिला नै अनिवार्य हुनुपर्ने उपरोक्त संवैधानिक र कानूनी मूल मर्म रहनका साथै मिति २०७९/११/२६ गते निर्वाचन आयोगको बैठक संख्या २१९ ले संवत् २०७९ साल चैत्र ३ गते शुक्रवारका दिन उपराष्ट्रपतिको निर्वाचन हुने संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुनु पर्ने राष्ट्रपतिमा निर्वाचित व्यक्तिको लिङ्ग (पुरुष) वा समुदाय (खस आर्य) भन्दा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समुदायको हुनु पर्ने भनी निर्णय गरेको र सोही अनुसारको अधिकृतलाई निर्देशन समेत दिएको अवस्था छ। उपराष्ट्रपतिको उम्मेदवारी मनोनयन गर्नु भएका मा.रामसहाय प्रसाद यादवको लिङ्ग (पुरुष) भएको हुँदा नेपालको संविधान र कानूनी व्यवस्था बमोजिम अयोग्य रहेकोले निजको उम्मेदवारी रद्द गरी महिलाको उम्मेदवारीलाई मात्रै मान्यता दिलाई पाउँ भन्ने अर्का उम्मेदवार ममता झा को दाबी बिरोधको उजूरी ।

७. नेपालको संविधानको धारा ७० मा यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुनेगरी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । 'वा' र 'र' मा बहुतै भिन्नता नभएको कुरा भनी रहनु पर्दैन । अथवा वा ले वैकल्पिक दुवै मध्ये कुनै एक विकल्प दिएको प्रष्ट रहेको छ । अर्थात दुई मध्ये एक रोज्ने व्यवस्था छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन २०७४ को दफा १६ को उपदफा (५) ले यस दफाबमोजिम उपराष्ट्रपति पदकालागि उम्मेदवार मनोयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सो भन्दा फरक फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोयन गर्नु पर्ने व्यवस्था छ । साथै सोही दफाको स्पष्टीकरणमा यस दफाको प्रयोजनको लागि समुदाय भन्नाले दलित,आदिवासी ,जनजाती, खसआर्य, मधेशी, वा अन्य समुदाय समझनु पर्छ । यस दफामा पनि फरक लिङ्ग वा समुदाय भन्ने प्रष्ट उल्लेख छ । राष्ट्रपति पदमा माननीय श्री रामचन्द्र पौडेल खस आर्य समुदायवाट निर्वाचित हुनु भएको कुरा विदितै छ । उपराष्ट्रपतिको उम्मेदवार म राम सहाय प्रसाद यादव फरक समुदाय अर्थात मधेसी समुदायवाट भएको हुँदा संविधानको धारा ७० र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐनको व्यवस्थाबमोजिम मधेशी फरक समुदाय भएको प्रष्ट छ । मेरो उम्मेदवारी नेपालको संविधान र निर्वाचन सम्वन्धी ऐनको अनुकुल रहेको प्रष्ट छ । विपक्षीले उजुरीमा उल्लेख गरेको संविधानको धारा ४२ मा सामाजिक न्यायको हकमा मधेसी समुदाय समेत लाई समावेशी समानुपातिक सिद्धान्तको आधारमा राज्यको निकायहरुमा सहभागिताको हक हुनेछ भनी मौलिक हकको रुपमा संवैधानिक व्यवस्था रहेको छ । साथै संविधानको धारा १८ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछ । कसैलाई पनि कानूनको समान संरक्षणवाट वन्चित गरिने छैन साथै सोही धाराको उपधारा ३ मा राज्यले नागरिकहरुविच उत्पती, धर्म, वर्ण,जात, जाती लिङ्ग आर्थिक अवस्था, भाषा क्षेत्र वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन भनी व्यवस्था गरेको छ । यस अवस्थामा महिला उम्मेदवार मात्र हुने गरी संविधान, ऐनमा वाध्यकारी छैन । नेपालको संविधानको धारा ९१ (२) उपदफा (१) वमोजिम निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनेगरी गर्नु पर्ने छ र प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनुपर्ने गरी सो धारामा महिलाको अनिर्वाय गरेको देखिन्छ । तर राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा रहेको संवैधानिक र निर्वाचनसंग सम्बन्धित ऐन, २०७४ ले यस्तो अनिवार्य व्यवस्था गरेको छैन । विपक्षीको उजुरीमा उठान भएको संविधानको धारा ३८(४) को सम्बन्धमा राष्ट्रपति छुट्टै एक पद हो र उपराष्ट्रपति छुटै एक पद हो । यस्तो एक पदमा

समावेशी समानुपातिक भावना विपरीत उम्मेदवारी दिएको भनी लिएको दावी जिकिर उजुरी व्यहोरा कपोलकल्पित र सामाजिक न्यायको लागि गरेको भएको संविधान र कानूनको प्रष्ट व्यवस्थालाई उपहास गरी उल्लेख भएको उजुरी व्यहोरा नेपालको संविधानको धारा ७० र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन ऐनको दफा १६(५) को मनसाय र भावना विपरित रहेकोले उजुरी दावी खारेज गरी पाऊँ भन्ने उम्मेदवार रायसहाय प्रसाद यादवको लिखित प्रतिवाद ।

## निर्णय

८. मनोनयन पत्र, उम्मेदवारको दाबी बिरोधको उजुरी, सो साथ पेश भएको आयोगको निर्णय, यस कार्यालयमा प्राप्त आयोगका पत्रहरु र उम्मेदवार राम सहाय प्रसाद यादवको खण्डनसमेत अध्ययन गरी दावी बिरोधको उजूरीबमोजिम निजको मनोनयनपत्र खारेज गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिएकाले त्यसतर्फ हेर्दा, दुवै उम्मेदवारले राष्ट्रपतिको निर्वाचनमा खस आर्य समुदायको पुरुष निर्वाचित भइसक्नु भएको हुँदा फरक समुदायको महिला उपराष्ट्रपति पदमा उम्मेदवार मनोनयन हुनु पर्नेमा पुरुष राम सहाय प्रसाद यादवको मनोनयनपत्र दर्ता भएको हुँदा निज उम्मेदवार हुन अयोग्य भएकाले निजको मनोनयनपत्र खारेज गरी पाउँ भन्ने नै दुवै उजुरीको मुख्य उजूरी जिकिर रहेको देखियो ।

९. नेपालको संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी नै राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १६(५)ले उपराष्ट्रपतिको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सो भन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ । साथै राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन निर्देशिका, २०७४ को दफा २६ को उपदफा (६) मा यस दफा बमोजिम उपराष्ट्रपति पदको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ। उल्लिखित संविधान, ऐन र निर्देशिकाले उपराष्ट्रपति पदमा मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सो भन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नुपर्ने भन्ने देखिन्छ । नेपाली व्याकरणमा " वा" लाई विकल्पबाचकको रुपमा बुझिन्छ भने "र" समुच्चयबाचक मानिन्छ र यसले समुच्चयको अर्थबोध गराउँछ । यसैले यी व्यवस्थाहरुमा फरक लिङ्ग र समुदायको नभनी लिङ्ग वा समुदाय भन्ने व्यवस्था गरेबाट लिङ्ग र समुदाय दुवै

फरक चाहिने व्यवस्था नगरी यी दुईमध्ये कुनै एक फरक भए पुग्ने गरी व्यवस्था गरेको मान्नुपर्ने हुन्छ । यदि संविधान निर्माता वा बिधायिकाले लिङ्ग र समुदाय दुवै फरक हुनुपर्ने मनसाय राखेको भए लिङ्ग वा समुदायको सट्टा लिङ्ग र समुदाय शब्द लेखिएको हुन्थ्यो । संविधान वा कानूनको व्याख्या गर्दा संविधान निर्माता वा बिधायिकाले जुन रुपमा व्यवस्था गरेको छ सोही रुप र अर्थमा नै प्रयोग गर्नुपर्ने हुन्छ । साथै, संवैधानिक व्यवस्था नै परिवर्तन वा निस्तेज हुने गरी बलपूर्वक व्याख्या गर्न पनि मिल्ने हुँदैन ।

१०. कानून व्याख्याको सिद्धान्त अनुसार यदि कानुन प्रष्ट छ,त्यसमा कुनै दुविधा छैन भने सामान्य रुपमा त्यसको जे जस्तो अर्थ हुन्छ त्यही अर्थमा त्यो कानूनलाई लागू गर्नु पर्छ, बलपूर्वक त्यसको व्याख्या गरी अर्थ खोज्ने प्रयास गर्न हुन्न। व्याख्याको पहिलो र स्वभाविक प्रक्रिया शाब्दिक व्याख्या हो र यसलाई व्याकरणिक व्याख्या पनि भनिन्छ। शाब्दिक व्याख्याको अभिप्राय विधिको रुपमा लिपिवद्ध गरिएका विधिका शब्द (Litralogis) हरूको सजिलो र स्वभाविक अर्थ गर्नु अर्थात् विधिमा प्रयोग गरिएका शब्दहरूको व्याकरण अनुसार अर्थ गर्नु हो । यसलाई गणितको हिसावले अर्थ गर्नु पनि भनिन्छ ।

११. नेपालको संविधानको धारा ९१ ले प्रतिनिधिसभाको सभामूख र उपसभामूखको निर्वाचन गर्दा यी दुई पदमध्ये एक जना महिला र धारा ९२ ले राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा यी मध्ये एकजना महिला हुने गरी गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी नै धारा १८२ ले प्रदेशसभाको सभामुख वा उपसभामुख निर्वाचन गर्दा यी मध्ये एक जना महिला हुने गरी गर्नुपर्ने गरी बाध्यात्मक संवैधानिक व्यवस्था गरेको देखिन्छ ।यदी संविधान निर्माताले राष्ट्रपति र उपराष्ट्रपति पदमध्ये कुनै एकमा महिला हुन अनिवार्य मानेको भए राष्ट्रपति र उपराष्ट्रपति पदमा पनि तदनुरुप नै दुई पदमध्ये एकजना महिला हुनुपर्ने गरी किटान गरिएको हुने थियो । तर त्यस्तो व्यवस्था नगरी राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था गरेबाट संविधान निर्माताले राष्ट्रपति र उपराष्ट्रपतिमा एक जना महिला हुनै पर्ने भन्ने अनिवार्य गर्ने मनसाय नरहेको कुराकोनै अर्थबोध गर्नुपर्ने हुन्छ ।

१२. यस अघि २०७२ र २०७५ सालको निर्वाचनमा उपराष्ट्रपतिका उम्मेदवारका सम्बन्धमा लिंग वा समुदायका सन्दर्भमा कुनै विवाद भएको र त्यसमा निरुपण भइसकेको भन्ने दावी बिरोधको उजूरी तथा आयोगको निर्णयमा खुलेको पाइदैन । २०७२ र २०७५ मा फरक लिंग र समुदायका राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित भएको कारणले मात्र स्पस्ट रुपमा रहेको संवैधानिक र कानूनी व्यवस्थामा असर पर्ने

हुँदैन । त्यसैले सोही कारणले ... फरक लिंग र समुदाय दुवै हुनुपर्ने भन्न संविधानसम्मत हुँदैन ।

१३. नेपालको संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था गरेको छ । यो व्यवस्था राष्ट्रपति र उपराष्ट्रपतिका निर्वाचनका सन्दर्भमा गरेको विशेष र स्वतन्त्र संवैधानिक व्यवस्था हो । यसरी स्पस्ट, विशेष र स्वतन्त्र रुपमा गरिएको संवैधानिक व्यवस्थालाई दावी बिरोधको उजूरीमा जिकिर लिए अनुसार अर्को धारा ३८(४) वा धारा ४२(१) ले निस्कृय वा निष्प्रभावी पार्न वा परास्त गर्न सक्दैन ।

१४. दाबी बिरोधको उजूरीमा निर्वाचन आयोगले निर्वाचन अधिकृतलाई दिएको निर्देशन अनुसार महिला उम्मेदवार नै हुनुपर्ने भन्ने जिकिर छ सो तर्फ हेर्दा, निर्वाचन आयोगको यस कार्यालयमा लेखेको च.नं. २०७९।०८० का. रा. द. ५२७ मिति २०७९।११।२६ को पत्रमा राष्ट्रपति पुरुष निर्वाचित भएकाले उपराष्ट्रपति महिला नै हुनुपर्ने भन्ने कहीं कतै उल्लेख नगरी राष्ट्रपतिमा निर्वाचित व्यक्तिको लिङ्ग (पुरुष) वा समुदाय (खस आर्य) भन्दा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समुदायको हुनु पर्ने भनी निर्णय गरेको र सोही अनुसारको निर्देशन दिएको अवस्था छ। यसरी निर्वाचन आयोगबाट लिङ्ग र समुदाय दुवै फरक हुनुपर्ने बेहोराको निर्देशन दिएको नभै लिङ्ग वा समुदाय फरक हुनुपर्ने बेहोरा नै लेखी पठाएकोसम्म देखिन्छ । उपराष्ट्रपति पदका लागि मनोनयनपत्र दर्ता गर्दा राष्ट्रपति निर्वाचित भएको खस आर्य समुदाय र पुरुष दुवै बाहेकको लिङ्ग र समुदायको उम्मेदवार हुनुपर्ने हो वा लिङ्ग र समुदाय मध्ये कुनै एक मात्र फरक भए हुने हो तथा पुरुष बाहेकका लिङ्ग नै हुन अनिवार्य हो, होइन ? भन्ने सम्बन्धमा आयोगको निर्देशन. पत्रमा स्पस्ट लेखी आएको नदेखिँदा भोली बिहान ९:०० बजे देखी नै उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यक्रम रहेकोले आजै स्पष्ट गरी निर्णय निकासा पठाइदिनु हुन अनुरोध छ भनी यस कार्यालयबाट आयोगमा लेखिएकोमा आयोगबाट प्राप्त च.नं. २०७९।०८० का. रा. द. ५४० मिति २०७९।११।२६ को पत्रमा उपराष्ट्रपति पदको मनोनयन पत्र दर्ता गर्दा लिङ्गको हकमा महिला वा अन्य लिङ्ग वा समुदायको हकमा दलित, आदिवासी, जनजाती, मधेसी, थारु वा मुस्लिम समुदायबाट नेपालको संविधान तथा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुको मनोनयन पत्र दर्ता गर्न निर्वाचन अधिकृतलाई निर्देशन दिने बेहोराको जवाफ उल्लेख भई आएको छ । यसरी निर्वाचन अधिकृतले स्पस्ट गरी पठाउन माग भएको कुरामा आयोगबाट प्राप्त पत्रमा सो विषयमा स्पस्ट उल्लेख नभएको तथा उम्मेदवारका लागि पुरुष बाहेकका लिंग नै हुनुपर्ने वा लिंग र समुदाय दुवै फरक हुनु

पर्ने भनी लेखी आयोगसमेत देखिदैन । पुरुष बाहेकको लिंग वा खस आर्यभन्दा फरक समुदायकोसम्म परिभाषित गरिएको देखिन्छ । यस अवस्थामा उपराष्ट्रपति पुरुष हुन नसक्ने भनी आयोगको निर्देशन रहेको भन्ने दाबी बिरोधको उजूरीहरु तथ्यसंगत देखिदैनन् ।

१५. माथिल्ला प्रकरणहरुमा गरिएको विश्लेषण तथा आधार प्रमाणबाट राष्ट्रपति र उपराष्ट्रपति फरक लिंग र समुदायको दुवै हुनुपर्ने अनिवार्य वा बाध्यात्मक व्यवस्था नगरी लिंग वा समुदाय फरक हुनुपर्ने गरी संवैधानिक र कानूनी व्यवस्था भइरहेको देखिँदा खस आर्य समुदाय भन्दा फरक मधेशी समुदायका पुरुष उम्मेदवार राम सहाय प्रसाद यादव उपराष्ट्रपतिको उम्मेदवार हुन अयोग्य रहेको भन्न नमिल्ने हुँदा उम्मेदवार श्री अष्टलक्ष्मी शाक्य र श्री ममता झाको दाबी बिरोधको दुवै उजूरी दाबी पुग्न सक्दैन । त्यसैले उजूरी दाबी बमोजिम श्री राम सहाय प्रसाद यादवको उपराष्ट्रपतिको पदको उम्मेदवारको मनोनयनपत्र खारेज गर्नुपर्ने देखिएन ।

महेश शर्मा पौडेल
निर्वाचन अधिकृत